म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३३ | बिहीबार १६ भदौ २०७९ | ने. सं. ११४२ ञलाथ्व | 1 September, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८५११३२८७४**
**९८४५०२८४३१**

# हेटौंडामा अवैध संरचना हटाउन र फोहोरमैला व्यवस्थापन गर्न कार्यदल

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ हेटौंडा उपमहानगरपालिकाले नगरभित्र कानुनविपरित निर्माण भएका भौतिक संरचना हटाउन कार्यदल गठन गरेको छ ।

काठमाडौंमा अवैध संरचना हटाउने सुरु भएपछि हेटौंडामा पनि अवैध संरचना हटाउन उपमहानगरमाथि दबाब थियो । नगरबासीहरुले कानुन मिचेर बनाएका संरचना, फुटपाथ व्यवस्थापनमा चासो दिन दबाब दिएसँगै कार्यदल गठन गरेर काम गरिने भएको हो । हेटौंडा-१० का वडा अध्यक्ष फुर्वादोर्जे लामाको संयोजकत्वमा अव्यवस्थित संरचना व्यवस्थापन कार्यदल गठन गर्ने निर्णय बुधबार बसेको नगर कार्यपालिका बैठकले गरेको छ । कार्यदलले नगरका १९ वटै वडामा कानुनविपरीत बनेका संरचनाहरुको अनुगमन गर्ने र प्रतिवेदन पेश गर्ने जनाइएको छ ।

बैठकले ३५ दिने सूचना जारी गरी काम अघि बढाउने निर्णय गरेको मेयर लामाका प्रेस संयोजक र।जन दाहालले जानकारी दिए । कार्यदलले बजार क्षेत्रका अव्यवस्थित र अतिक्रमण गरी निर्माण भएका संरचनाको अवस्था र लगत संकलन गरी कार्यान्वयनका लागि प्रतिवेदन तयार पार्ने जनाइएको छ । नगरक्षेत्रमा नक्सा पास नभई बनेका साना ठूला टहराहरु स्वःस्फुर्त हटाउन ३५ दिने सूचना प्रकाशन गरेसँगै कार्यदलको काम सुरु हुने बताइएको छ ।

कार्यपालिका बैठकबाट गठित कार्यदलको सदस्यमा कार्यपालिका सदस्य ईश्वरी रसाइली, हेटौंडा-२ का वडा सदस्य सुरज बतौंला, हेटौंडा-४ का सदस्य जेएन श्रेष्ठ र सरोकारवाला निकाय मकवानपुर उद्योग वाणिज्य संघबाट एक सदस्य रहने बताइएको छ ।

उपमहानगरपालिका क्षेत्रमा पर्ने राजमार्गभन्दा बाहेकका स्थानमात्रै अतिक्रमण गरी बनाइएका संरचना हटाउने तयारी भइरहेको जनाइएको छ । मेयर मिनाकुमारी लामाले राजमार्ग क्षेत्र स्थानीय सरकारको कार्यक्षेत्रभित्र नपर्ने भन्दै नगरका भित्री स्थानमा कानुनविपरित बनेका संरचनाहरु हटाउने बताइन् । हेटौंडाको राजमार्ग क्षेत्र साँघुरो भएर ट्राफिक व्यवस्थानमा कठिनाई हुनुका साथै सडक दुर्घटना पनि निम्त्याइरहेको



छ । उपमहानगरले राजमार्ग क्षेत्रलाई फराकिलो बनाउने निर्णय लिइसकेको छ । हाल साँघुरो राजमार्ग क्षेत्रको मुख्य सडकलाई २५ गज फराकिलो बनाउने मेयर लामाले बताइन् । हेटौंडाको साँघुरो मुख्य सडक वर्षौंदेखि फराकिलो बनाउने भनिए पनि हालसम्म सफल हुन सकेको छैन ।

हेटौंडाको बीच सडक पूर्व-पश्चिम राजमार्ग र त्रिभुवन राजपथ पर्छ । पूर्व-पश्चिम राजमार्गअन्तर्गत् रातोमाटेदेखि राप्तिपुलसम्म यसअघि सडक भत्काउन खोजिए पनि स्थानीय र राजमार्ग क्षेत्रका व्यवसायीहरुको आन्दोलनले सडक विस्तार कार्य रोकिएको थियो ।

यसैगरी, उपमहानगरले फोहोरमैला व्यवस्थापन कार्यदल पनि गठन गरेको छ । हेटौंडा देशकै सफा सहरका रुपमा यसअघि पुरस्कृत भइसकेको स्थानीय तह हो । नगरभित्र नियमित फोहोर संकलन गर्ने कार्य भइरहेको छ । उपमहानगरले निजी क्षेत्रको सहकार्यमा फोहोर व्यवस्थापन गरिरहेको छ ।

तर, हेटौंडा प्रदेश राजधानी भएपछि बढेको जनघनत्वका कारण फोहोर व्यवस्थापनका लागि चुनौती देखिँदै गएको छ । यसकारण हेटौंडाको फोहोर व्यवस्थापनलाई दीगो योजना बनाई फोहोरमैला व्यवस्थापनलाई जोड दिने नीति उपमहानगरले लिएको हो । उपमेयर राजेश बानियाँको संयोजकत्वमा फोहोरमैला व्यवस्थापन कार्यदल गठन भएको छ ।

कार्यदलमा हेटौंडा २ का अध्यक्ष बिष्णुगोपाल महर्जन, ६ का अध्यक्ष बिष्णुबहादुर दाहाल, १० का अध्यक्ष फुर्वादोर्जे लामा, ११ का अध्यक्ष जुना दाहाल, १३ का अध्यक्ष पेम्बा लामा, १५ का अध्यक्ष सुनिल मोक्तान, १७ का अध्यक्ष उद्धब सत्याल र १९ का अध्यक्ष नरनाथ सुवेदी सदस्य छन् ।

कार्यदलले नगर क्षेत्रबाट निस्किएका फोहोरलाई एकै ठाउँ डम्पिङ गर्ने भन्दा पनि फरक-फरक ठाउँहरुमा व्यवस्थापनका लागि सम्भाव्यता अध्ययन गर्ने तयारी गरिएको उपमहानगरका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए ।

बुधबार बसेको कार्यपालिका बैठकले महिला जनप्रतिनिधिलाई गत कार्यकालमा खरिद गरिएको पोशाक (कोट, सारी) को भुक्तानी दिन बाँकी रकम भुक्तानी दिने, हेटौंडामा भएको प्रेस युनियनको नवौं केन्द्रीय महाधिवेशनको लागि १० लाख रुपैयाँ सहयोग गर्ने निर्णय भएको छ । प्रेस युनियनको महाधिवेशन ६ साउनदेखि तीन दिन हेटौंडामा भएको थियो ।

बैठकले निर्वाचित पदाधिकारीले एक सय दिनमा गरेका कामको प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरेको छ । उपमहानगर पालिकाको पर्यटन समितिमा पर्यटन व्यवसायी भागीरथ शर्मा, इतिहास खोजकर्ता केदारप्रसाद न्यौपाने र सञ्चारकर्मी सिर्जना नेपाललाई सदस्य नियुक्त गर्ने निर्णय भएको प्रवक्ता न्यौपानेले जानकारी दिए । बैठकले श्रेणी विहीन कर्मचारीको स्तर कायम गर्ने, विभिन्न तहका कर्मचारीहरुको स्तरबृद्धि अनुमोदन गर्ने, हेटौंडा-९ र १० मा पोखरी पार्क निर्माण गर्न डीपीआर निर्माण गर्ने, योजना कार्यान्वयनको लागत सहभागिता निर्धारण, हेटौंडा-१० को तरकारी बजार हेटौंडा-१ चौकिटोलमा सार्ने निर्णय भएको प्रवक्ता न्यौपानेले जानकारी दिएका छन् ।

## २२ जनाले दिए रगत

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ हेटौंडा-११ मा रहेको नवयुवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले गरेको रत्तलदान कार्यक्रममा २२ जनाले रगत दिएका छन् ।

सहकारीले आफ्नो १४ औं स्थापना दिवसको अबसर पारेर बुधवार रक्तदान कार्यक्रम गरेको छ । संस्थाका पदाधिकारी, शेयर सदस्य र स्थानीय गरी २२ जनाले रक्तदान गरेको संस्थाका लेखापाल युवराज ढकालले जानकारी दिएका छन् । सहकारीले स्थापना दिवसको अवसरमा हरेक वर्ष रक्तदान कार्यक्रम गर्दै आइरहेको छ । सहकारीको शेयर पूँजी ३ करोड ९७ लाख रुपैयाँ रहेको छ ।

सहकारीमा १ हजार ८ सय ६५ शेयर सदस्य आवद्ध छन् । संस्थाका अध्यक्ष फुलमान श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा सहकारी शिक्षा उपसमिति संयोजक खेमराज सापकोटा, सहकारीका व्यवस्थापक नन्दलाल श्रेष्ठ, सचिव गोविन्द पुडासैनीलगायतको आतिथ्यता थियो ।

## 'जनताको साथमा कांग्रेस' अभियानले पायो तीव्रता



साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ नेपाली काँग्रेस पार्टीले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनलाई लक्षित गर्दै देशव्यापी सुरुवात गरेको 'जनताको साथमा कांग्रेस' अभियानले मकवानपुर जिल्लामा पनि तीव्रता पाएको छ ।

१२ गते मकवानपुर जिल्लाको १०२ वडामा क्रियाशील भेला गरेर सुरु भएको अभियानअन्तर्गत् बुधबार जिल्लाभर पालिकास्तरमा भेला तथा अन्तर्क्रिया कार्यक्रम भएको हो ।

अभियानअन्तर्गत् नेपाली कांग्रेस हेटौंडा उपमहानगर समितिको आयोजनामा बुधबार हेटौंडामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएकोछ । कार्यक्रममा सहभागी नेता तथा क्रियाशील कार्यकर्ताहरुले पार्टीले चुनाव केन्द्रितमात्र कार्यक्रम हुन नहुने, पटकपटक गठबन्धन गरेर चुनावमा जाँदा मत माग्न असहज भएको, प्रशिक्षण कार्यक्रमहरु राख्नुपर्ने, पार्टीमा गुटगत राजनीति तल्लो तहसम्म फैलिएकोले त्यसको न्यूनीकरण हुनुपर्ने, पार्टीले दिने अवसरहरु समान र न्यायोचित हुनुपर्ने सुझावहरु दिएका थिए । यस्तै, चुनावी अनुगमन समिति गठन गरी गलत गर्नेलाई कारबाहीको दायरामा ल्याउनुपर्ने, विभिन्न विभागहरुलाई पूर्णता दिएर सबैलाई पार्टीमा भूमिका निर्वाह गर्ने वातावरण बनाउनुपर्नेलगायत सुझावहरु व्यक्त गरेको नगर सचिव हर्करत्न लामाले जानकारी दिए ।

नगर सभापति उत्सव इटेनीको सभाध्यक्षतामा भएको कार्यक्रममा पार्टी मकवानपुर जिल्ला उपसभापति आनन्द कठायत, पूर्वसभापति माइकल रामचन्द्र अर्याल, निवर्तमान कार्यबाहक सभापति विष्णुप्रसाद लामिछाने, जिल्ला सहसचिव इन्दिरा न्यौपाने, महासमिति सदस्य अशोक शाक्य, जिल्ला सदस्य तथा नगरका निवर्तमान सभापति आनन्दराम पराजुली, प्रतिनिधिसभा १ प्रदेश 'ख' का सभापति तथा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँलगायतले कांग्रेस पार्टी जनताको तल्लो तहको समस्यालाई समाधान गर्न लाग्ने पार्टी भएकोले सोहीअनुसार अगाडि बढ्नुपर्नेमा जोड दिएका थिए । -बाँकी ३ पेजमा...

**तथास्तु शपिङ्ग मार्केटको**

शटर पसल भाडामा उपलब्ध छ

**Booking Open Now !**

हेटौंडा-१०, मेनरोड (वाणिज्य बैंकसंगै र नेपाल बैंकको विपरित)

९८५१११२२२७, ९८५५०६७३०३, ९८५५०६७६४७

**विषेशताहरू:**

- आफ्नै पर्याप्त पार्किङ्ग सुविधा भएको ।
- सडक मापदण्ड (३१ मि.) पूरा भएको ।
- १० वर्ष सम्मको लिखित सम्झौता हुने ।
- २४ सै घण्टा सुरक्षा गार्ड रहेको ।
- नि:शुल्क सार्वजनिक शौचालय भएको ।
- नि:शुल्क इन्टरनेट सुविधा भएको ।
- सफा र फराकिलो पसल कौल भएको ।





**कर्मचारी आवश्यकता**

हेटौंडामा अवस्थित एक व्यवसायिक फर्ममा केही कर्मचारी आवश्यक परेको हुनाले इच्छुक व्यक्तिले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

**बजार प्रतिनिधि:** २ जना (१ महिला, १ पुरुष)
**योग्यता:** एसईई उतीर्ण
**तलब:** आपसी समझदारीमा

**मोटरसाइकल वा स्कुटी भएकोलाई विशेष ग्राहयता दिइनेछ ।**

सम्पर्क : ९८५५०३९८११, ९८४५५३३८११

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३




Note: BSC, CSIT, BCA र BBS को Entrance Prepration Class पनि संचालन भइरहेको छ ।

साझाकुरा

## हाम्रो कुरा

# अख्तियार दुरुपयोगका घटनामा कमी ल्याऊ

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा गएपछिको पहिलो कार्यकाल सकिएर स्थानीय तहमा दोस्रो कार्यकाल सुरु भएको छ । प्रदेशसभा र प्रतिनिधिसभाको पहिलो कार्यकाल केही महिनामात्र बाँकी छ । यसबीचमा नयाँ व्यवस्थालाई स्थायित्व गर्न स्थानीय तह, प्रदेश र संघीय सरकारले विभिन्न कानून बनाउने र त्यसको कार्यान्वयन गर्ने काममा अगाडि बढिरहेका छन् । नयाँ कानून बनाएर लागू गर्ने क्रममा धेरै समस्या र चुनौतीहरु भोग्नु परेका गुनासोहरु पनि आइरहेका छन् । यसबीचमा संघ, प्रदेश र स्थानीय तहले सम्पादन गरेका कार्यहरुमा अपनाउनुपर्ने सावधानी नअपनाएका कारण अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरीको चाङ लाग्न थालेको घटना पनि सार्वजनिक भएका छन् । तीनै तहको सरकारले गरेका सार्वजनिक खरिद र विकास निर्माणसंग सम्बन्धित मुद्दाको संख्यामा बढोत्तरी हुन थालेको पाइएको हो । के कति कारणले अख्तियारमा उजुरीको चाङ लाग्यो भन्ने मुख्य प्रश्न खडा भएको छ ।

खरिद गुरुयोजना नहुनु, वार्षिक खरिद योजना नबनाइनु, गलत प्राविधिक मूल्याङ्कन, बजेट टुक्र्याएर खरिद गरिएको, आवश्यकताभन्दा धेरै सामग्री खरिद गरिएको, जिन्सी दाखिला नगरिएको वा गलत दाखिला गरिएको, योग्यता नपुगेकोलाई खरिद कार्यमा सहभागी गराएको, गुणस्तरहीन काम गरेको, न्यून गुणस्तरीय सामग्रीहरु प्रयोग गरिएको जस्ता विषयमा आयोगमा उजुरीहरु पर्ने गरेको आयोगले जानकारी गराइरहँदा त्यसको सुधार गनुपर्ने पक्षले बेलैमा सुधार गर्नुपर्ने देखिन्छ । ऐन कानुनभन्दा माथि गएर जनप्रतिनिधि वा कर्मचारीहरुले कुनैपनि काम गर्नु हुँदैन भन्ने सबैलाई जानकारी छ । तैपनि यस्ता उजुरीको चाङ लाग्नुले सरकार हाँक्नेहरुले विधि र पद्धतिलाई मिच्न खोजेको देखिन्छ ।

विकास निर्माणको काममा जनताको प्रत्यक्ष सहभागिता गराउने, गुणस्तरीयता कायम गर्न प्रत्यक्ष निगरानी बढाउने, अनुगमन र मूल्याङ्कनको पाटोलाई चुस्त पार्ने, खरिद प्रक्रियालाई नियमभन्दा बाहिर नलैजाने हो भने यस्ता उजुरी धेरै कम हुन्छ । कतिपय अवस्थामा व्यक्तिगत वा राजनीतिक पूर्वाग्रह राखेर पनि बेनामे उजुरीहरु पर्ने गरेको छ । त्यसको व्यवस्थापन पनि चुनौतीकै रुपमा रहेको छ । त्यसैले वर्तमान व्यवस्थाप्रति जनविश्वास बढाउन, व्यवस्था टिकाउन र समृद्ध मुलुक देख्न चाहने जनताको उत्कट अभिलासा पूरा गर्न सरकार सञ्चालकहरुले गम्भीर भएर काम गर्नुपर्ने अवस्था आएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ १७ गते शुक्रबार २ सेप्टेम्बर २०२२ । भाद्र शुक्लपक्ष षष्ठी । नलाब्द ११४२ । सूर्योदय: ५:४३, सूर्यास्त: ६:२२ मा हुनेछ । सूर्य षष्ठी ब्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अरुको विश्वास जित्न सकिनेछ | **तुला** | : मान सम्मान पाउन सकिनेछ |
| **वृष** | : पढाइलेखाइमा सफलता मिल्नेछ | **वृश्चिक** | : मन खिन्न हुन सक्नेछ |
| **मिथुन** | : आफन्तले धोका दिन सक्नेछन् | **धनु** | : काममा विलम्ब हुनेछ |
| **कर्कट** | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | **मकर** | : मनोकांक्षा सिद्धि हुनेछ |
| **सिंह** | : काममा रोकावट आउन सक्नेछ | **कुम्भ** | : नयाँ कार्ययोजना बन्नेछ |
| **कन्या** | : शुभ समाचार सुन्न पाइनेछ | **मीन** | : आकस्मिक लाभ हुनेछ |

# बुद्ध, वर्ण व्यवस्था र वर्ग संघर्ष



खेमराज उदय

जाति व्यवस्थामा आधारित छुवाछूत, जातीय विभेद जस्ता समस्याको समाधान समाजवादी समाज या राज्य निर्माण गरेर गर्न सकिंदैन । यो घाम जत्तिकै प्रष्ट विषय हो । समाधानका निम्ति बुद्ध-अम्बेडकरको मार्गमा नहिंडेर सुखै छैन ।

सन् १८७९ मा जर्मनीमा जन्मिएका विश्व प्रसिद्ध वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले भनेका थिए- 'भविष्यको धर्म कस्मिक (ब्रह्माण्डीय) हुनेछ, जहाँ न ईश्वरको स्वरूप मान्छेको जस्तो हुनेछ, न कट्टरपना । त्यसका लागि बुद्ध धर्म सबैभन्दा उत्तम हुनेछ ।' आइन्स्टाइन सैद्धान्तिक भौतिकवादी थिए र उनलाई सापेक्षता र द्रव्यमान-ऊर्जा समीकरण खोजका लागि सन् १९२१ को नोबेल पुरस्कार प्रदान गरिएको थियो ।

बुद्ध, कार्ल मार्क्स र अम्बेडकर व्यापक बहस हुँदै आएका पात्र हुन् । विशेषत: भारत हुँदै नेपाल प्रवेश गरेका, त्यति मात्रै होइन, दक्षिणएशिया र ब्राह्मण (हिन्दु) धर्मावलम्बी भएका देशहरूमा फैलिएको महामारी जात (वर्ण) व्यवस्था र वर्ग संघर्ष सम्बन्धमा बहस र विवाद व्यापक फैलिंदो क्रममा छ ।

ब्राह्मणहरू जहाँ-जहाँ पुगे, ब्राह्मण धर्म, संस्कृति, वैदिक मान्यता, वर्ण व्यवस्थामा आधारित कानुन र धार्मिक राजनीति त्यहाँ-त्यहाँ लागू गरे । वर्ण व्यवस्था दक्षिणएशियाका कुनै मूलवासी समुदायको मौलिक धार्मिक-सामाजिक मान्यता र राजनीतिक व्यवस्था थिएन, होइन । त्यसैले बहसमा छन् बुद्ध, मार्क्स र डा. भीमराव अम्बेडकर अर्थात् वर्ण व्यवस्था र वर्ग संघर्ष ।

'जात व्यवस्था अन्त्य गर्नका निम्ति बुद्ध र अम्बेडकर पर्याप्त छैनन्, त्यसका निम्ति मार्क्स अनिवार्य छन्,' यो मान्यता भारतीय कम्युनिस्ट, वाम पार्टी हुँदै नेपाल प्रवेश गरेको हो । अर्थात् ब्राह्मणवादले नेपाल प्रवेशमा प्रयोग गरेको बाटो हुँदै यो मान्यता पनि नेपाल पस्यो । कार्ल मार्क्स ६ वर्षको हुँदा अर्थात् सन् १८२४ मा उनको परिवारले यहुदी धर्म परिवर्तन गरी इसाई धर्ममा प्रवेश गरेको थियो । उनका पिता हाइनरिख मार्क्सले उनीसहित इसाई धर्ममा प्रवेश गरी बालक कार्ल मार्क्सको शिक्षाको ग्यारेण्टी गरेका थिए ।

मार्क्सका बाजे लेवी मार्क्स जर्मनीको एक गाउँ ट्रिलका रब्बी अर्थात् पुरोहित थिए । यहुदी धार्मिक कट्टर समुदाय भएकाले बालबालिकालाई शिक्षा दिन वर्जित गरिएको थियो । यहुदीहरू विश्वभरि धर्म परिवर्तन गर्दै इसाई बन्ने क्रम जारी रहेको त्यस समयमा मार्क्स परिवार पनि इसाई बने, जसका कारण उनले औपचारिक शिक्षा प्राप्त गर्ने मौका मिल्यो ।

तथापि भारत-नेपालका टुप्पी राख्ने, जनै धारण गर्ने बाहुन-क्षत्री हिन्दु, इस्लामदेखि टाउकोमा फेटा बाँध्ने शिख कथित मार्क्सवादीहरू भने अम्बेडकरले धर्म परिवर्तनको नीति लिएको भन्दै निन्दा र आलोचना गर्ने गर्छन् । यो केवल मिथ्या आरोप मात्रै हो । उनीहरूका आदर्श मार्क्सले नै धर्म परिवर्तन गरेको तथ्यप्रति भने आँखा चिम्लिन्छन् । अम्बेडकरमाथि जुन आरोप लगाइन्छ, ती हास्यास्पद र कुतर्क मात्रै हुन् ।

***अम्बेडकर र मार्क्स अर्थात् वर्ण व्यवस्था र वर्ग संघर्ष***

विभिन्न अनुसन्धानकर्ता तथा विद्वान्हरूको खोजको निष्कर्ष एवं मान्यता बमोजिम बुद्धको समयमा वर्ण व्यवस्था थियो, शूद्र थिए तर छुवाछूत थिएन । शूद्र विशाल वर्ण (समुदाय) हो । यहाँ स्मरणीय कुरा के छ भने सबै शूद्रलाई अछूत बनाइएन, शूद्र जातिमध्ये केहीलाई मात्रै अछूत बनाएको थियो ।

अर्थात् सबै शूद्र जाति अछूत होइनन्, तर अछूत सबै शूद्र हुन् । अम्बेडकरका अनुसार ई. ४०० को हाराहारीतिर मात्रै शूद्रभित्रका केही समुदायलाई अछूत जाति घोषित गरिएको हो ।

कार्ल मार्क्सलाई धेरै कुराको जानकारी थियो तर दुईटा कुरा ज्ञात थिएन । जसमध्ये पहिलो- वर्ण व्यवस्था, छुवाछूत, विभेदबारे मार्क्सलाई ज्ञान थिएन । दोस्रो- ब्राह्मणवादबारे पनि उनलाई जानकारी थिएन । त्यसैले यी दुई विषयमा मार्क्स आजीवन मौन बसे ।

सन् १७८९ देखि १७९९ नोभेम्बरसम्म साढे १० वर्ष चलाइएको फ्रान्सेली राज्यक्रान्तिले फ्रान्समा परम्परागत राजतन्त्रको अन्त्य गरी लोकतान्त्रिक गणतन्त्र र धर्मनिरपेक्षताको स्थापना गरेको थियो । उक्त राज्यक्रान्तिले मुख्यत: तीन आधार तयार पार्‍यो, जसमा भ्रातृत्व, स्वतन्त्रता र समता थिए । तर क्रान्तिपश्चात् अन्तिमको समता स्थापित गर्न सकेन ।

त्यस्तै १९१७ मा जारको स्वेच्छाचारी शासनका विरुद्ध लेनिनको नेतृत्वमा भएको रूसी कम्युनिस्ट क्रान्तिले समता स्थापित गर्न सफल रहे तापनि अन्य दुई मुद्दा स्थापित गर्न अक्षम रह्यो । त्यसैले आर्थिक समता स्थापित गर्दैमा भ्रातृत्व र स्वतन्त्रता प्राप्त हुनसक्दैन । अत: निष्कर्षमा कम्युनिस्ट अर्थात् मार्क्सवादी क्रान्तिले समता प्राप्त गर्न सकिएला तर तिनै मुद्दा भ्रातृत्व, स्वतन्त्रता र समता प्रदान गर्न सक्दैन ।

अम्बेडकर र मार्क्सबीच भिन्नता मात्रै छैन, धेरै समानता समेत छन् । विवाद अम्बेडकर र मार्क्सवादी लालबुझक्कडहरूसँग मात्रै हो, स्वयं मार्क्ससँग होइन । अम्बेडकरले जातीय संघर्षलाई मूलत: वर्ग संघर्ष मानेका छन् । उनले जातिका लागि वर्ग शब्दको प्रयोग धेरै पटक गरेका छन् । त्यसैले अम्बेडकरवादी दलित या मूलवासी समुदायलाई 'वर्ग-समुदाय'को रूपमा व्याख्या गर्नु उपयुक्त हुन्छ । त्यस्तै क्रान्तिमा हिंसा र बल प्रयोगको सिद्धान्तलाई पनि अम्बेडकर अनिवार्य मान्दछन् ।

उनी भन्छन्, 'हिंसा र बल प्रयोग एक अकाट्य सत्य हो कि तपाईं हिंसादेखि बचेर रहन सक्नुहुन्न । अहिंसात्मक सत्याग्रह जस्ता बाटो तब अपनाउन सकिन्छ जब परिस्थिति यस्तो होस् कि सिर्फ त्यो मात्रै प्रतिरोधको उत्तम मार्ग बाँकी रहोस् ।'

बल प्रयोगको सम्बन्धमा अम्बेडकरको भनाइ छ, 'बल प्रयोगलाई तपाईं न सधैंका लागि रोक्न सक्नुहुन्छ, न समाप्त नै गर्न सक्नुहुन्छ, त्यसैले बुद्धले पनि आफ्नो समकालीन कोही राजालाई सेना समाप्त गर्ने या अपराधीलाई दण्डित गर्ने व्यवस्थाको पूर्णतया भंग गर्नका लागि कहिल्यै भनेनन् ।'

***गान्धी, अछूत र अम्बेडकर***

भारतीय सर्वोच्च अदालतले २४ मार्च २०१७ मा एक विशेष फैसला मार्फत हरिजन शब्द प्रयोग गर्न प्रतिबन्ध लगाएको छ । सर्वोच्चले हरिजन शब्दलाई आपराधिक घोषणा समेत गरेको छ र अब सरकारी कामकाजमा यो शब्द प्रयोग गरिएमा त्यसका विरुद्ध मुद्दा दायर गर्न सकिनेछ ।

अदालतको त्यस आदेश बमोजिम केन्द्र तथा प्रदेश सरकारले हरिजन शब्द प्रयोगमा बन्देज लगाइसकेको छ । हरिजन शब्द प्रथम पटक प्रयोग गर्ने व्यक्ति गान्धी थिए । भारतको संविधान बमोजिमका अनुसूचित जातिलाई उनले यो शब्द प्रयोग गर्ने गर्थे । दलित शब्द समेत भारतमा वर्जित छ ।

गान्धी २१ पटक अनशन बसे । तर उनले छुवाछूत अन्त्यका निम्ति कुनै अनशन बसेनन् । अम्बेडकरद्वारा १९४५ मा लिखित एक पुस्तकमा लेखिए अनुसार नासिकस्थित कालाराम मन्दिरमा अछूतले प्रवेश पाउनुपर्ने माग राखेर अम्बेडकरको नेतृत्वमा सत्याग्रह राखियो, तब गान्धीले त्यस कार्यको कडा शब्दमा निन्दा गरे ।

गान्धीको मान्यता थियो, अछूतले मन्दिर प्रवेशको माग गर्नु धर्म विनासक कार्य हो, त्यति मात्रै होइन सत्याग्रह (अनशन) बस्नु शास्त्र बमोजिम शूद्रको कुनै अधिकार होइन । यी दुवै धर्म विरोधी कार्य हुन् । स्मरणीय छ, अम्बेडकर हिन्दु धर्मभित्र रहेर वर्ण व्यवस्था, छुवाछूत, विभेद अन्त्य गर्न चाहन्थे, अन्त्यमा असम्भव देखेपछि बुद्ध धर्ममा प्रवेश गरे ।

अम्बेडकरका अनुसार अन्तरजातीय विवाह र बुद्धधर्मको मार्ग जातिवाद उन्मूलनको हो । मनुस्मृतिमा समेत एक ठाउँमा शूद्रले ७ पुस्तासम्म ब्राह्मणसँग विवाह गरेमा ब्राह्मण बन्ने बताइएको छ, यद्यपि त्यसको बाटो या विधिबारे मौनता छ ।

हाम्रो मूल समस्या ब्राह्मणवाद हो, नकि दलित । ब्राह्मणवादका दुई आधार छन्, पहिलो- वर्ण व्यवस्था (पछि त्यसलाई जाति व्यवस्था भयो) र दोस्रो- पितृसत्ता । पितृसत्ता अनुसार बाल विवाह, सती प्रथा र विवाहमा अभिभावकको नियन्त्रण (प्राधिकार) व्यवस्था पर्छन् । ब्राह्मणहरूले बाल विवाह अर्थात् महिनावारी हुनुभन्दा अगावै छोरीलाई विवाह गरिदिने व्यवस्था जाति व्यवस्था टिकाइराख्नका लागि बनाएका थिए । किनभने छोरी-चेलीलाई उमेर पुगेर विवाह गर्ने अधिकार दिने हो भने, उनको अर्को जातिमा विवाह हुनसक्ने खतरा देखेर धर्मको दुहाई दिंदै बालिका हुँदै विवाह गरिदिने व्यवस्था गरे । अन्य वर्ण (जाति) मा विवाह भयो भने वर्ण (जाति) व्यवस्थाको नाश हुन्छ ।

त्यस्तै सती प्रथा पनि जाति व्यवस्था टिकाउनका लागि रचिएको क्रुर प्रथा हो । विधवालाई कपाल मुण्डन गर्ने, नयाँ कपडा लगाउन नदिने, सार्वजनिक स्थानमा हिंडडुल गर्नबाट वञ्चित राख्ने, जसरी हुन्छ कुरूप बनाउने जसका कारण उनीसँग कोही पुरुष आकर्षित नहोऊन् र दोस्रो विवाहका लागि सम्भव नहोस् । विधवालाई दोस्रो विवाह निम्ति अनुमति नदिने ।

किनभने विधवाको अन्य जातिको युवासँग प्रेम र विवाह हुने खतरा देखे । यदि त्यस्तो भएमा जाति व्यवस्था संकटमा पर्ने हुन्थ्यो । जति बन्धनमा बाँधेर, कुरूप बनाइए पनि विधवाको विवाह हुने खतरा टार्न नसकेर ज्युँदै रहेपछि धर्मको आडमा विधवालाई मृत पति सँगै जिउँदै डढ्नुपर्ने अनिवार्य नियम बनाइयो । अर्थात् सती प्रथाको व्यवस्था लागू गरियो, त्यो केवल जाति व्यवस्था कायम राख्नका लागि नै थियो ।

> भारतमा जस्तै नेपालका केही कथित मार्क्सवादी कम्युनिस्टहरू समाजवादी समाज र व्यवस्था लागू गरी जाति व्यवस्थाको समाधान गर्ने गफ हाँक्ने गर्दछन् । समाजवाद राजनीतिक र आर्थिक दुवै विवादित व्यवस्था हो । तथापि समाजवादी समाज, राज्य निर्माण गर्दा आर्थिक समताको लक्ष्य पूरा गर्न सकिने आशा गर्न सकिएला ।

त्यस्तै बालिग, वयस्क छोरा या छोरीले आफ्नो जीवन साथी आफैं रोज्न पाउनुपर्ने प्राकृतिक अधिकार हो । तर त्यसलाई नियन्त्रणमा लिन सन्तानको विवाह गर्ने अधिकार र दायित्व उनका पिता, अभिभावकलाई दिइयो । अभिभावकले आफ्नै जातिमा बाहेक अन्य जातिमा विवाह गराइदिने सम्भावना हुँदैन, यसका कारण जाति व्यवस्था जीवित रहन सम्भव रहिरह्यो ।

भारतमा जस्तै नेपालका केही कथित मार्क्सवादी कम्युनिस्टहरू समाजवादी समाज र व्यवस्था लागू गरी जाति व्यवस्थाको समाधान गर्ने गफ हाँक्ने गर्दछन् । समाजवाद राजनीतिक र आर्थिक दुवै विवादित व्यवस्था हो । तथापि समाजवादी समाज, राज्य निर्माण गर्दा आर्थिक समताको लक्ष्य पूरा गर्न सकिने आशा गर्न सकिएला ।

तर जाति व्यवस्थामा आधारित छुवाछूत, जातीय विभेद जस्ता समस्याको समाधान समाजवादी समाज या राज्य निर्माण गरेर गर्न सकिंदैन । यो घाम जत्तिकै प्रष्ट विषय हो । समाधानका निम्ति बुद्ध-अम्बेडकरको मार्गमा नहिंडेर सुखै छैन । मार्क्स जीवितै हुँदा पनि अहिलेका जस्तै लालबुझक्कडहरूबाट वाक्क भएर मार्क्स आफैंले कुनै प्रसङ्गमा भनेका थिए, 'थ्याङ्क्स गड आई एम नट ए मार्क्सिस्ट !' *-साभार: अनलाइनखबर*

# राजनैतिक दल सुधार: विकल्प सम्पत्ति पार्टीकरण



जस बहादुर लुँगेली

हालैको स्थानीय चुनावमा केही स्वतन्त्र उम्मेद्वारहरू विजयी भए । उक्त स्थानका मतदाताहरूले किन सधैं मत दिएका दलहरूलाई यस पटक मत दिएनन् ? यसका लागि स्थलगत अनुसन्धान र भूइँतहमा रहने मतदाता, कार्यकर्ताहरुसँग खुला दिलले छलफल गरेर मात्र भन्न सकिएला । तर केही कुरा भने अनुमान लगाउन सकिन्छ । यस लेखमा यही प्रसंग खोतल्ने प्रयास गरिएको छ । २०५९/२०६० सालमा जन्मिएकाहरूले २०७८ सालको स्थानीय तहको निर्वाचनमा पहिलो पटक मतदान गरे । आधुनिक सूचना र प्रविधिमा पोख्त तिनीहरू दुँनियामा भइरहेको घट्ना र अरूले गरेको, गरिरहेको प्रगतिको खबरको निमेष भरमा जानकारी राख्न सक्षम छन् ।

यी युवा वयका मतदाताहरू एकातर्फ विगतमा दलहरूले गरेको त्याग, वलिदानप्रति प्राय: बेखबर रहेका छन् भने वर्तमानमा विद्यमान बेथिति, बेरोजगारी, अल्पविकास, गरिवी, भष्ट्राचार आदि कुशासनको सारा दोष दलहरूप्रति थोपर्न हिचकिचाई रहेका छैनन् । अर्थात् दलहरुका तर्फबाट खडा भएका उम्मेद्वारहरू उनीहरूको मतदानको प्राथमिकतामा परेनन् । उनीहरूले दलहरूको उम्मेद्वारको सट्टामा स्वतन्त्र उम्मेद्वारको निर्वाचन चिन्हमा मतदान गरे । यी बाहेक कारण अन्य पनि छ ।

***दलहरुमा पुस्तान्तरण हुन नसक्नु***

मुख्य दलहरूको प्रमुख पदहरुमा घुमाई फिराई ७० वर्ष नाघेका बुढ्यौलीले छ्याप्प छोपिएका, दीर्घ रोगले थलिएका, दिल दिमाग भुत्तो भएका ज्येष्ठ नागरिक नै बहाल छन् । यी पाकाहरुले चाहेर पनि तीब्रतर गतिमा फड्को मारिरहेको सूचना प्रविधिको परिवर्तनप्रति आफूलाई अनुकूल बनाउन सकिरहेका छैनन् । लेनिनदेखि गोर्वाचोभ सम्मको सवै भूमिका आफूले मात्र निर्वाह गर्न सक्छु भन्ने अंहमता, संकीर्णता र पदलोलुपता यी पाकाहरूमा छ । युवा मतदात यस प्रवृत्तिप्रति घोर असहमति राख्दछ र यसको निराकरण मतपत्र मार्फत खोज्दो छ ।

***नेतृत्व तहको पूँजीवादी जीवन शैली***

जनताले होची मिह्न, नेल्सन मन्डेला, महात्मा गान्धी, नेपालकै वीपी कोइराला, पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारीलाई आज पर्यन्त सम्मान र आदर गरिरहेका छन् । किनभने उहाँहरूले सिधासादा जीवन शैली अवलम्वन गर्नुभयो । आफ्नो धरातल विर्सिनु भएन र जनतासँग एकाकार भई नै रहनु भयो । नेताहरुले सिधासादा जीवन शैली जिएको होस् भन्ने अपेक्षा जनताले गरेका हुँदा रहेछन् । तर आफ्ना नेताहरूको भड्किलो, खर्चिलो जीवन शैलीले खास गरी युवा वर्गमा निराशा मात्र होइन, आक्रोश पैदा हुँदो रहेछ ।

हिजै मात्र नेतालाई सेल्टर दिएको, चुँगेमा पिसाव र कोपरामा दिसा गराएर नेतृत्वलाई रक्षा गरेको, आफ्नो गाँस काटेर खुवाएको, चन्दा उठाएर नेतालाई नाना फेरिदिएको जनताले आज आफ्नो सो नेताको भड्किलो जीवन शैलीलाई तराजुको एक पल्लामा हेर्दो रहेछ । त्यस्तै, आफ्नो आजको कष्टपूर्ण जीवनको हालतलाई अर्को पल्लामा राखेर जोख्दछ । यसरी तौलिदा मनमनै उ रिंगटा लागेर भाउन्न हुन्छ । अनि मतदानको दिन अर्कैतिर स्वस्तिक छाप गड्याम्म पार्छ ।

***झुटो प्रतिबद्धता***

हिजो शाही सत्ताको विरुद्ध बन्दुक भिराउँदा होस् वा जनआन्दोलनका लागि सहभागी हुन आह्वान गरेको बखतमा होस नेतृत्वबाट जनतालाई भनिएको थियो, लोकतन्त्र, गणतन्त्र, संघीयता आएपछि राष्ट्रियता मजबुत पारिने छ । मिचिएका भूभाग फिर्ता ल्याईनेछ । गाँस बास कपास, स्वास्थ्य शिक्षा रोजगारीको प्रत्याभूति सरकारले गर्नेछ । सवै प्रकारका विभेद, असमानता, गरीबी, बेरोजगारीको अन्त्य गरिनेछ ।

हो न हो, जनताले यी प्रतिबद्धतालाई पत्यार गरेर आफूले सकेको योगदान गरेका थिए । हजारौले ज्यान दिएर, हजारौले सन्तान टुहुरो बनाएर, हजारौ हजार अपाङ्ग भएर योगदान गरे । आज तिनको बेहाल छ । नेताले हिजो भनेभैं लोकतन्त्र, गणतन्त्र, संघीयता सबै आयो । सो माफिकको संविधान बन्यो, कानुन बन्यो भनियो । अर्थात् समाजको उपरी संरचनामा बद्लाव आयो तर समाजको आधारभूत संरचनामा बद्लाव आएन ।

गाँस, बास, कपास, स्वास्थ्य शिक्षा रोजगारीको प्रत्याभूति सरकारले गरेन, विभेद, असमानता, गरीबी, बेरोजगारीको अन्त्य भएन । बेरोजगारी झन् बढिरहेको छ, मानिसहरुको आय झन घटिरहेको छ, पैसा नहुनेहरू स्वास्थ्य सेवाबाट बिमुख भई अकाल मृत्युवरण गर्न परिरहेको छ । महँगी, भ्रष्ट्राचार बढिरहेको छ । मिचिएका देशको भूभाग फिर्ता गर्न सकिएन । विगतका असमान सन्धी सम्झौता खारेजी हुने त कुरै छोडौं, अझ एमसीसी लगायत राष्ट्रघाती सन्धि सम्झौता गरियो ।

हिजो जनतालाई भनिएको थियो सिंहदरवार गाउँमा ल्याइनेछ । दरवार त बने तर सुशासन दिने दरवार होइन, कर, शुल्क महशुलको भारी जनतालाई बोकाउने गरी हैकम चलाउने सिंह आसन हुने दरवार पो आयो । चालक सहितको विलासी गाडीमा सवार हुने, भान्से सहितको आवासमा विराजजमान हुने, तलब भत्तासहितको हुँकार दिने सिंहहरु हरेक गाउँ पालिकामा, हरेक नगर पलिकामा जनताले पाए । सेवक पाएनन् । दिइएका झुट्टा आश्वासन तथा चरम बेथिति, विकृतिबाट पाका मतदाता निराश भइरहेका छन् भने युवा मतदाता आक्रोशित भइरहेका छन् । दलहरू हालकै यथावत हालतमा आम निर्वाचनमा जाँदा परिणाम नकारात्मक आउन सक्ने प्रवल सम्भावना देखिदैछ । दलहरूप्रति जनताको वितृष्णता बढ्नु भनेको लोकतन्त्रका लागि शुभ संकेत अवश्य होइन । यसबाट चरमपन्थी, धार्मिक कट्टरपन्थी, राजावादी निरङकुशतावादी मूल राजनीतिमा हाबी हुन सक्ने भावभूमि तयार नहोला भन्न सकिदैन । दलहरूले नै सिर्जना गरेको माथि उल्लेखित स्थितिले दलहरूको लोकप्रियतामा आएको स्खलनलाई स्वयम दलहरूले नै रोक्न सक्छन् । जनताको दिल दिमागमा बस्न दलहरूले आफूलाई मूलभूत ढङ्गले परिवर्तन गर्न जरूरी छ । दल सुधारका लागि सम्पत्ति पार्टीकरण गर्नुपर्छ ।

***किन सम्पत्ति पार्टीकरण गर्ने ?***

दलको केन्द्रीय स्तरका पदाधिकारी र सदस्यहरूको सारा सम्पत्ति पार्टीकरण गर्नु पर्छ । उनीहरूले निजी सम्पति संग्रहण् गर्न नपाउने प्रवन्ध गर्नुपर्छ । नेताहरूले अनिवार्य रूपले श्रम गर्नैपर्ने, श्रमको सम्मान गर्नुपर्ने अवस्था सिर्जना गर्नुपर्छ । आन्तरिक श्रम र साधनको परिचालन गरी उनीहरूलाई औसत नेपालीको जीवनस्तरमा जीवन निर्वाह गर्न निर्वाह भत्ता पार्टीले उपलब्ध गराउनुपर्छ । स्थानीय तहदेखि केन्द्रीय तहसम्म जनप्रतिनिधिका पदमा निर्वाचित, मनोनित सवैका राज्यकोषवाट प्राप्त हुने पारिश्रमिक पार्टीले लिनुपर्छ । साथै पार्टीको पहलमा सार्वजनिक पदमा नियुक्त हुनेहरूको सबै पारिश्रमिक पनि पार्टीले लिनु पर्छ । र, निजहरूलाई सो पदमा बहाल रहँदा कायम राख्नु पर्ने स्तर सुहाउँदो रकम पार्टीले उपलव्ध गराउनु पर्छ । उल्लेखित पदहरूमा निर्वाचित, मनोनित, वा नियुक्त हुनेले तुरुन्त आफ्नो सम्पतिको सही विवरण पार्टीलाई बुझाउनु पर्छ । निजहरूको सम्पतिको आवधिक मूल्यांकन पार्टीले गरी निश्चित सीमा माथिको सम्पत्ति पार्टीकरण गर्नुपर्छ ।

उक्त दुई उपाय अवलम्वन गर्नासाथ लगभग सवै प्रकारको विसंगति, वेथिति, अनाचार भ्रष्टाचार स्वत: निराकरण हुन सक्छ । दलका नेता कार्यकर्ता यस उपायबाट लगभग सर्वाहाराकृत हुनेछन् । निजी सम्पतिको अधिक संग्रहप्रति उनीहरूको मोह हुने छैन । *-बाँकी ३ पेजमा...*

# पूर्णपात्र, गोदान गरी समापन गरियो तीज



काठमाडौं, १५ भदौ (रासस)/ भाद्र शुक्ल तृतीयाका दिनमा मंगलबार देवादिदेव महादेवको पूजा आराधना गरी हरितालिका (तीज) पर्वको व्रत बसेका बर्तालुले बुधबार बिहान गोदान, पूर्णपात्र गरी व्रत समापन गरेका छन् ।

सामान्यतया अरु व्रत त्यसै दिन बेलुकी समापन गर्ने विधि भए पनि हरितालिका (तीज) व्रत भने भोलिपल्ट बिहानमात्र उद्यापन गर्ने शास्त्रीय परम्परा छ ।

भाद्र शुक्ल तृतीयाकै बेलुकी पूजा लगाएका बर्तालुले पनि व्रत समापन चतुर्थीको बिहान गरेपछि मात्र भोजन गर्ने गर्छन् ।

भाद्र शुक्ल तृतीयामा व्रत बसी शिव पार्वतीको पूजा, उपासना गरेमा सुख, शान्ति र कल्याणको प्राप्ति हुने धार्मिक विश्वास छ । सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर महादेव पति पाउने बरदान पाएकी थिइन् । तर पिता हिमालयले पार्वतीको इच्छाविपरीत विष्णुसित विवाह गरिदिन खोजेपछि साथीहरूलाई आफ्नो समस्या सुनाइन् ।

पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरूले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए । साथीहरूले लुकाएकै ठाउँमा पार्वतीले निराहार व्रत गरी महादेवलाई पतिका रूपमा प्राप्त गरिन् । यसरी पार्वती साथीहरूद्वारा हरण भएको दिन भाद्र शुक्ल तृतीयाको दिन भएकाले त्यही समयदेखि हरितालिका (तीज) को व्रत लिने चलन सुरु भएको धर्मशास्त्रीय मत छ । संस्कृत भाषाका 'हरित' र 'आलिका' दुई शब्द मिलेर हरितालिका शब्द बनेको छ । 'हरित' शब्दको अर्थ हरण गरिएको र 'आलिका' शब्दको अर्थ साथी हुन्छ । सत्ययुगमा आजैको दिन निराहार व्रत बसी पार्वतीले महादेव स्वामी पाएकाले आजको दिनमा व्रत बस्दा मनोकामना पूरा हुने विश्वास छ ।

नारीले परिवारको अभिभावकका रूपमा प्रतिनिधित्व गरी व्रत बस्ने भएकाले नसकेका अवस्थामा अथवा रजस्वला भएका बेलामा पुरुषले पनि व्रत बस्ने गरेका छन् । यस अर्थमा अहिले केही नारीवादीले उठाएजस्तो विभेदकारी व्रत परम्परा तीज नभएको धर्मशास्त्रविद्को भनाइ छ ।

समग्रमा मनोकामना पूर्ण गराउने र सम्पूर्ण परिवारको कल्याणका लागि यो व्रतको प्रयोजन रहेको धर्मशास्त्रीको मत छ । आत्मवादी र ईश्वरवादी दुवैले यो व्रत लिने गरेका छन् । समग्रमा परिवारको यस लोकमा सुख, शान्ति र पारलौकिक सद्गतिका लागि तीजको व्रतको महत्व छ ।

व्रत सकाम, निष्काम, नित्य, नैमित्तिक र काम्य गरी पाँच किसिमका छन् । तीजको व्रत नित्य र काम्य दुवै खालको भएको धर्मशास्त्रीय मान्यता छ । तीजको व्रत हिन्दू मात्रका लागि नभई मानव मात्रका लागि भएको कुरा धर्मशास्त्रीय ग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य प्रा डा देवमणि भट्टराई बताउनुहुन्छ ।

प्राचीनकालमा पुरुषले घर बाहिरको काम गर्ने र महिलाले गृह व्यवस्थापनका काम गर्ने चलन बस्न थाल्यो । महिलाले घरलगायत धर्मकर्मका काम गर्न थालेपछि व्रत बस्ने जिम्मेवारी पनि दिइएको बुझिन्छ । शास्त्रीयरूपमा महिला, पुरुष दुवैले हरितालिका (तीज) को व्रत गर्नुपर्ने भए पनि सामाजिक चर्चा भने महिलाले श्रीमान्को दीर्घायुको कामनाका लागि गर्ने बुझाइ छ । व्रत गर्ने पुरुषले विधुर हुनु नपर्ने, नारीले अटल सौभाग्य र अविवाहित केटाकेटीले गुण सम्पन्न वर वा वधु पाउने शास्त्रीय वचन रहेको उनले सुनाए ।

सोमबार राति दर खाएपछि औपचारिकरूपमा सुरु हुने तीज पर्व ऋषि पञ्चमीसम्म मनाइन्छ । तृतीयाका दिन हरितालिका व्रत, चौथीका दिन गणेश भगवान्को पूजा र पञ्चमीका दिन स्नान गरी अरुन्धतीसहित सप्तऋषिको पूजा गरी तीज समापन हुन्छ । बुधबार हरितालिकाको व्रत समापनसँगै भक्तजनले गणेशको पूजा आराधना गरी गणेश चतुर्थी पर्व मनाउँछन् । सत्ययुगमा आजका दिन भगवावन् शिव र पार्वतीका पुत्रका रूपमा गणेश भगवान्को जन्म भएको विश्वास गरिन्छ ।

## पहिरो पन्छाएपछि नारायणगढ-मुग्लिन सडक सञ्चालनमा



चितवन, १५ भदौ (रासस)/ पहिरो खस्दा अवरुद्ध भएको नारायणगढ-मुग्लिन सडकखण्ड सञ्चालनमा आएको छ ।

सो सडकखण्डअन्तर्गत भरतपुर महानगरपालिका-२९ केराबारीमा बुधबार बिहान पहिरो खस्दा सडक अवरुद्ध भएको थियो । पहिरो पन्छाएसँगै अहिले दुईतर्फी यातायात सञ्चालनमा आएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक नरहरि अधिकारीले पहिरो पन्छाएसँगै सडक दुईतर्फी सञ्चालनमा आएको जानकारी दिए ।

सडक सञ्चालनमा आएसँगै पहिराका कारण रोकिएका सवारीसाधन आफ्नो गन्तव्यतर्फ लागेका छन् ।

# "दुई नम्बरी" गीतमा सौगात र उपासनाको प्रेम



काठमाडौं/ आगामी असोज २१ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'दुई नम्बरी'को पहिलो गीत सार्वजनिक भएको छ । 'झलल आयो तिम्रो याद' बोलको रोमान्टिक थिमको गीतमा मेलिना राई र जयन जे. वाइवाको स्वर छ भने गायक वाइवाकै शब्द तथा संगीत छ । रामजी लामिछानेको कोरियोग्राफी रहेको गीतले अभिनेता सौगात मल्ल र अभिनेत्री उपासना सिंह ठकुरीबीचको प्रेमभाव बोल्छ । गीतको भिडियोमा सौगात र दयाहाङ राईबीचको मित्रतालाई पनि देखाइएको छ । सौगातले उपासनासँग बिताएका प्रेमिल क्षणका दृश्यहरु भिडियोमा बढी समावेश छन् । गीतमा सौगात र उपासनाको केमेस्ट्री सुहाएको देखिन्छ । पहिलो पटक यी दुईले एकसाथ फिल्ममा काम गरेका हुन् । गीतको अडियो पक्ष बलियो छ । सौगातको भिन्न गेटअप दर्शकलाई हलसम्म तान्ने अस्त्र बन्न सक्नेछ । 'कबड्डी ४'पछि दयाहाङ र सौगात एकसाथ देखिएकाले 'दुई नम्बरी'को दर्शकमा ठूलो प्रतिक्षा छ । फिल्मले उनीहरुको मित्रताको कथा भनेको छ । रेड बर्ड प्रोडक्शनको प्रस्तुतिमा तयार भएको फिल्ममा दीपक मनाङ्गे, अमलादेवी राई र जयस श्रेष्ठको लगानी छ भने किरण नेपाली प्रस्तुतकर्ता हुन् । किरणले यसअघि फिल्म 'पोइ पऱ्यो काले'को निर्माण गरेका थिए, जुन सफल भएको थियो । फिल्मको निर्देशन तथा लेखन दीपेन्द्र लामाको हो । सरोज नेपाली कार्यकारी निर्माता रहेको यस फिल्मको सह-निर्मातामा मिठु तामाङ्नी रहेकी छिन् । फिल्ममा सुशान्त प्रजापतिको छायांकन, रामजी लामिछानेको कोरियोग्राफी, निमेष श्रेष्ठको दृश्य सम्पादन र जयन जे वाइवाको संगीत रहेको छ । यो फिल्मबाट भुटानकी चर्चित अभिनेत्री उगेन छोदेनले नेपाली फिल्ममा डेब्यू गर्दैछिन् ।

*-साभार: फिल्मीखबर*

## भिजिट भिसामार्फत मानव बेचविखन

काठमाडौं, १५ भदौ (रासस)/ भ्रमण भिसाको दुरुपयोग गरी मानव बेचविखनका घटना सार्वजनिक हुन थालेपछि प्रहरीले कडा निगरानी थालेको छ ।

यही भदौ ८ देखि ११ गतेसम्ममा प्रहरीले भ्रमण भिसामा जान लागेका झण्डै दुई सय व्यक्तिको कागजात शंकास्पद देखिएपछि उनीहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट फिर्ता गरेको थियो ।

उनीहरुमाथि अनुसन्धान गर्ने क्रममा ३९ जनालाई नक्कली कागजात बनाएर भ्रमण भिसा दिई कुवेतमा बेचविखन गर्न लागेको खुलेको प्रहरीको मानव बेचविखन तथा अनुसन्धान ब्युरोका प्रवक्ता प्रहरी उपरीक्षक दानबहादुर मल्लले जानकारी दिए ।

त्यसमा केही व्यक्ति संलग्न रहेका पाइएकाले उनीहरुको खोजीकार्य सुरु भएको उनले बताए । नेपाल सरकारले घरेलु कामदार पठाउन रोक लगाएको कुवेतमा पठाउने क्रममा यही भदौ ८ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पीडितलाई फिर्ता गराएको थियो ।

पीडितलाई फ्रि-भिसा फ्रि-टिकटमा कुवेतमा घरायसी काममा लगाइदिने र आकर्षक तलब मिल्ने प्रलोभन दिइएको पाइएको छ ।

ती गिरोहले पीडितको आवश्यक पासपोर्टलगायतका कागजातसमेत आफैँ बनाई महिला र पुरुषलाई काठमाडौँमा ल्याएर राख्ने गरेको खुल्न आएको छ ।

उनीहरुका कागजात जाँच गर्दा नक्कली रहेको फेला परेको छ । गैरकानूनीरूपमा कुवेत लैजान लागेको पुष्टि भएपछि पीडितले आवश्यक कानूनी कारवाहीका लागि ब्युरोमा जाहेरी दिएको मल्लले बताए ।

# राजनैतिक दल...

यो उपाय अपनाउन सके दलको केन्द्रीय तहमा आसिन हुन, सरकारी नियुक्तिमा अस्वस्थ्य प्रतिस्पर्धा स्वत: समाप्त हुन्छ । दल, देश र जनताको सच्चा सेवामा जीवन अर्पण गर्न चाहनेहरू मात्र दलको केन्द्रीय तहमा आसिन हुन सक्ने छन् । भ्रष्टचारी, कमिसनखोर र ठेकेदारहरूले नेतृत्वलाई अनुचित दवाब दिने कार्य यही विन्दुमा समाप्त भइजानेछ । नेपाललाई आफ्नो निहित स्वार्थ अनुकूल हिँडाउन चाहने शक्ति राष्ट्रहरूले नेतृत्वलाई प्रभाव पार्न सक्ने छैनन् ।

नेतृत्वको जीवनस्तर आफू सरहको रहे, भएको देखि आम जनताले नेतृत्वलाई आफ्नो सच्चा नेताको रूपमा आदर र सम्मान गर्न थाल्ने छन् । राजनीतिको धर्म जनसेवा हो र जनसेवा सिवाय अरु केही होइन भन्ने पवित्र मान्यता पुनर्स्थापित भइ दल, देश र जनताको भलाई हुने महान कार्यको प्रारम्भ यही विन्दुबाट अघि बढ्न थाल्नेछ ।

नेतृत्वको सर्वहाराकरण नगर्ने दलहरू सामन्ती वा पुँजीवादी दलको रूपमा जनताले प्रष्ट बुझ्ने छन् । अर्थात दलहरूको चरित्रको पहिचान भइ उनीहरूको वर्गीय पक्षधरता स्पष्ट हुनेछ, आजको जस्तो मिसमासको स्थिति रहने छैन ।

सम्पत्ति पार्टीकरण हुने भएमा उम्मेद्वारको टिकट पाउनको लागि अनुचित हर्कत गर्ने, वागी उम्मेद्वारी दिने, दलको आधिकारीक उम्मेद्वारको विपक्षमा प्रचार प्रसार गर्ने जस्ता अशोभनीय र पार्टी हित विपरितका कार्य गर्नेहरु नै भेटिने छैनन् । आफ्ना जनप्रतिनिधिको सादा जीवनशैली देखेर जनताका निराशा, कुन्ठा, ईर्ष्या, जलन तत्क्षण दुर हुनेछ ।

अर्कोतर्फ राज्यकोषको हिनामिना हुने जस्ता कार्य बन्द भई बजेट र योजना पूर्ण लक्ष्य हासिल गर्दै यथा समयमा सम्पन्न हुनेछ । यसबाट देश विकासको चौतर्फी द्वार खुल्ने छ । देशी विदेशी व्यापारी, ठेकेदारहरूले जनप्रतिनिधिका रुपमा रहेका सांसद, मन्त्रीलाई किन्न सक्ने छैनन् । अनि जे जति नीति नियम बन्नेछ, सबै नेपालको हितमा मात्र हुने छ ।

अन्त्यमा, लोकतन्त्रको विपल्प अझ सबैको पहुँच पुग्ने स्वच्छ लोकतन्त्र हो भने दलहरूको विकल्प जनमुखी दल नै हो । निर्वाचनमा विजयी भई देशको शासन सत्तामा पुग्नुको अभिष्ट जनताको सेवा अनि जनसेवा मात्र हो भन्ने अभिष्ट हासिल गर्न उपरोक्त ढाँचाको पार्टी पद्धतिले दलहरूलाई सहज हुनेछ । जनतासँग एकाकार भएको, जनताको दिल दिमागमा घर गरेको दललाई कोही कसैले हल्लाउन हिम्मत गर्न सक्दैन ।

(लेखक वरिष्ठ अधिवक्ता हुन्)

*-साभार: रातोपाटी*

# सम्पत्ति शुद्धीकरणका लागि राजनीतिक नेतृत्व

काठमाडौं, १५ भदौ (रासस)/ प्रतिनिधिसभा, अर्थसमितिका सभापति कृष्णप्रसाद दाहालले सम्पत्ति शुद्धीकरण साक्षरतालाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिएको छ ।

समितिले सम्पत्ति शुद्धीकरण निवारणका सम्बन्धमा आयोजना गरेको छलफलमा उनले वित्तीय अनुशासन र सुशासन कायम गराउन राजनीति नेतृत्वको इच्छा शक्ति र विभागले सम्पत्ति शुद्धीकरणको अनुसन्धान विभागको कामका जनजनमा महत्व फैलाउनुपर्ने बताए ।



सम्पत्ति शुद्धीकरण निवारणका सम्बन्धमा अन्तर्राष्ट्रियस्तरमा भएका प्रयास, लागूभएका कानुन र मापदण्ड, नेपालको प्रतिबद्धता र आवश्यक नीति कानुनका सन्दर्भमा विषयका ज्ञाता डा हरि नेपालले कार्यपत्र प्रस्तुत गरेको थियो ।

उनीबाट प्रस्तुत कार्यपत्रमा अपराधबाट प्राप्त सम्पत्ति चोरी समान हुनेभएकाले राज्यले जफत गर्नुपर्ने, वित्तीय अपराधी लोककल्याणकारी राज्यका सत्रु, तथा सम्पत्ति शुद्धीकरण भएका देशमा विदेशी लगानी आर्कषण हुने उल्लेख छ । सम्पत्ति शुद्धीकरणका लागि उच्च प्रकृतिका भ्रष्टाचार, कर (राजस्व छली) वित्तीय अपराध, (बैंकिङ कसुर), हुन्डी, मध्यम खालका वित्तीय अपराधमा लागुऔषध ओसारपसार, संगठित अपराध, अपराधिक लाभ, हातहतियार, अन्तरिक आतंकवाद ठगी, नक्कली मुद्राको कारोबार, वातावरण अपराध, चोरी, तस्करी (कालो बजारसमेत) र किर्ते तथा न्यून वित्तीय अपराधिक क्रियाकलापमा नक्कली वस्तुको उत्पादन तथा उत्पादनको गैरकानुनी प्रतिलिपि वा चोरी, शरीर बन्धक तथा अपहरण, अन्तर्राष्ट्रिय आतङ्कवाद, चोरी भएका वस्तुको ओसारपसार तथा भित्री कारोबार तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धमा अनुसन्धान गर्ने सन्र्दभमा राज्यको नेतृत्व चुकेको कार्यपत्रमा उल्लेख छ ।

छलफल कार्यक्रममा अर्थ मन्त्रालयका सचिव कृष्णहरि पुष्कर र नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले सम्पत्ति शुद्धीकरणका लागि राजनीति नेतृत्व सशक्त रुपमा अगाडि बढ्नुपर्ने बताउँदै कानुन निर्माणमा ढिलाइ गर्न नहुने बताए ।

## जनताको साथमा..

अभियानअन्तर्गत् आज विहीबार प्रदेशसभाअन्तर्गत् क्षेत्रीय समितिको आयोजनामा समाजवादी चिन्तक पार्टीका नेता स्व. प्रदीप गिरीको श्रद्धाञ्जली सभा आयोजना गरिने कार्यक्रम तय भएको नगर सचिव सविन न्यौपानेले जानकारी दिए ।

केन्द्रीय परिपत्रअनुसारको अभियानअन्तर्गत् १८ गते प्रतिनिधिसभा क्षेत्रीयस्तरको भेला, २० गते भ्रातृ तथा शुभेच्छुक संगठनहरुको आयोजनामा भेला हुनेछ भने २१ गतेदेखि २३ गतेसम्म जिल्लामा प्रतिवेदन बुझाउने र प्रतिवेदनमा उठेका विषयहरुमाथि छलफल गरी २४ गते वीपी जयन्तीको दिनमा जिल्लास्तरीय कार्यक्रम गरी पहिलो चरणको अभियान सम्पन्न गरिने पार्टीले जनाएको छ ।

## स्रोत नखुलेको पचास लाखसहित पक्राउ परेका घ्याल्चेन जेल चलान



काठमाडौं, १५ भदौ (रासस)/ नेपाल प्रहरीले स्रोत नखुलेको रकमसहित पक्राउ परेका एकजनालाई जेल चलान गरेको छ । प्रहरीले गत साउन १८ गते काठमाडौं महानगरपालिका-६ भृकुटीचोकमा स्रोत नखुलेको ४९ लाख ५० हजार नगदसहित पक्राउ परेका गोरखा चुननुब्रीका २४ वर्षीय धावा घ्याल्चेनलाई बुधबार केन्द्रीय कारागार सुन्धारा चलान गरेको हो । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक दिनेशराज मैनालीले घ्याल्चेनलाई काठमाडौं जिल्ला अदालतको आदेशअनुसार 'नेपाल राष्ट्र बैंक ऐन, २०५८ को कसूर मुद्दामा' कारागार चलान गरेको जानकारी दिए । पक्राउ परेका घ्याल्चेनसँग प्रहरीले बा ९९ प ७२०४ नम्बरको मोटरसाइकल, ४९ लाख ५० हजार, नागरिकता, मोबाइल र नीलो झोला एक थान बरामद गरेको थियो ।

# पुस्तकप्रति रूचि नहुँदा अनुसन्धान कमजोर: शिक्षामन्त्री



काठमाडौं, १५ भदौ (रासस)/ शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले पुस्तकप्रति नयाँ पुस्तामा रूचि कम हुँदा अध्ययन अनुसन्धानको क्षेत्र कमजोर भएको बताएको छ ।

पन्ध्रौं पुस्तकालय दिवसका अवसरमा मूल समारोह समितिले बुधबार आयोजना गरेको कार्यक्रममा उनले नयाँ पुस्तामा पुस्तक एवं पत्रपत्रिका पढ्ने चलन हराउँदै गएको र मोबाइलमा आउने शीर्षक हेरेर धारणा बनाई हिँड्ने चलन सुरु भएको उल्लेख गरे ।

'लेखकले लेखेको कविता, उपन्यास र कथा पढ्ने क्रम पछिल्लो पुस्तामा हराउँदै गयो', उनले भने, 'त्यसले सामाजिक समवेदना र जिम्मेवारीबोध, संस्कार र संस्कृति हराउँदै गयो ।' उनले आधुनिकीकरणका नाममा संस्कार र संस्कृति भुल्ने, पुस्तकहरु पढ्ने, धारणा बनाउने जस्ता क्रियाकलापहरु कमजोर हुँदै गएको बताए ।

यस वर्ष 'पढौं, पढाऔं, निरन्तर शिक्षाका लागि पुस्तकालय जाऊँ' भन्ने नाराका साथ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १५ औं पुस्तकालय दिवस मनाएको छ । समारोहमा पुस्तकालय तथा सूचना विज्ञान क्षेत्रमा पुऱ्याएको योगदानको कदरस्वरूप व्यक्ति वा संस्थालाई सम्मान, सामाजिक तथा रचनात्मक क्रियाकलाप उपसमितिद्वारा सञ्चालित निबन्ध प्रतियोगिताका विजयी व्यक्तिहरूलाई प्रशंसापत्र वितरण तथा स्मारिका विमोचन गरिएको थियो ।

मूल समारोह समितिले मुलुकका सबै विश्वविद्यालयहरू, प्रदेशका सामाजिक विकास मन्त्रालयहरू, शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत ७७ वटै शिक्षा विकास तथा समन्वय एकाइहरू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सात सय ५३ वटै स्थानीय निकायहरू, गाउँपालिका महासै नेपाल, नेपाल नगरपालिका संघ, एवं पुस्तकालयको विकास र विस्तारमा संलग्न सबै गैरसरकारी संघसंस्थाहरूमा समेत विविध रचनात्मक कार्यक्रम सञ्चालन गर्न आग्रह गरेको थियो ।

## गाईवस्तुलाई घाँस र स्याउला लिन भारत



दोधारा चाँदनी, १५ भदौ (रासस)/ नेपाली नागरिक स्वास्थ्योपचार, चाडपर्वमा किनमेल गर्न र रोजगारीका लागि भारत जाने गर्दछन् । पछिल्लो समय कञ्चनपुरको दोधारा चाँदनीका बासिन्दा भने मेलापात गर्न र गाईवस्तुलाई घाँस र स्याउला लिन पनि भारतमा जाने गरेका छन् ।

दोधारा चाँदनी नगरपालिका-९ का सुन्तला रावतले गाईवस्तुको आहाराका लागि भारतबाट मेलापात गरेको २० वर्षभन्दा बढी भइसकेको छ । उनी मेलापातका लागि भारतीय बस्ती कलौनासम्म पुग्छन् । "दोधारामा स्याउला पाइँदैन गाईभैंसी र बाख्राका लागि घाँस र स्याउला लिन भारतको कलौना भन्ने ठाउँमा जाने गर्छौं", उनले भने, "उताका (भारतका) मानिस एकदम सहयोगी छन् मैले धेरै वर्ष भयो त्यहाँ जाने गरेको ।" सीमानाकामा रहेका दुई देशबीचका नागरिकको आपसी सम्बन्धका कारण यो सम्भव भएको जनाइएको छ ।

उनकाअनुसार दोधाराका थुप्रै मानिस भारतीय गाउँ कलौनामा मेलापात जाने गरेका छन् । यहाँका महिला करिब तीन किलोमिटरको बाटो हिँडेर भारतीय बस्ती कलौना पुग्ने गरेको स्थानीय रञ्जु रावतले जानकारी दिए । "रोजगारी केही छैन बाख्रापालन गरेकी छु बाख्राको आहार का लागि मेलापात जान्छु", उनले भने, "यहाँ बाख्राका लागि स्याउला पाइँदैन हामी त सधैं उतैबाट ल्याउँछौं ।"

दोधारा चाँदनीको कुतियाकवरमा विसं २०२२ देखि बस्दै आएको टेकबहादुर सुनारले अहिलेसम्म यहाँ दुई देशबीचका नागरिकबीच वैमनस्यताका घटना नभएको बताउँछन् । उनका अनुसार यहाँका बासिन्दाको नेपालसँग सर्म्पक कम नै थियो । विसं २०६५ मा जोगबुढा नदीमा झोलुङ्गे पुल बनेपछि मात्रै नेपालसँग सर्म्पक जोडिएको हो । "मेलापात, बिहे, व्रतबन्धलगायतका कार्यक्रममा पनि हामी आउने-जाने गर्छौं", उनले भने, "हामीले पनि बोलाउँछौं उहाँहरूले पनि बोलाउनुहुन्छ ।" उनले यहाँका बासिन्दा सीमाका प्रहरेदार भएको बताए ।

स्थानीय वसन्ती सुनारले दुई देशका नागरिकको भन्दा पनि भाइचारको सम्बन्ध रहेको सुनाए । "हाम्रो सम्बन्ध एकदमै राम्रो छ कहिले उहाँहरू सहयोग माग्न यहाँ आउँछन्, कहिले हामी सहयोग माग्न त्यहाँ पुग्छौं", उनले भने, "सीमावर्ती भारतीय नागरिकसँग सदियौंदेखि भाइचाराको सम्बन्ध छ ।"

महाकालीपारिको गाउँ भनेर चिनिने दोधारा चादँनी नगरपालिकाको उत्तर, पश्चिम र दक्षिणमा भारतसँगको खुला सिमाना रहेको छ । यहाँका औसत परिवारको आम्दानीको श्रोत नै कृषि व्यवसाय रहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

साझाकुरा राष्ट्रिय दैनिक खोजी खोजी पढौं
www.sajhakuranews.com

कोरोना भाइरसबाट बचौं र बचाऔं ।

# सिसी क्यामेरा हेर्दै, कारबाही गर्दै ट्राफिक

साझाकुरा संवाददाता

काठमाडौं, १५ भदौ (रासस)/ तपाईंले ट्राफिक प्रहरीको आँखा छलेर लेन मिच्दै जथाभावीरुपमा सवारी चलाइरहेको त छैन । यदि त्यस्तो छ भने अब तपाईं प्रहरीको कारवाहीबाट भाग्न सक्नुहुन्न । कुनै न कुनै दिन तपाई कारवाहीको भागिदार हुन सक्नुहुन्छ ।

किनकी प्रहरीले सिसी क्यामराको श्रव्यदृष्य हेरेर नियम उल्लङ्घन गर्नेलाई खोजेर कारवाही सुरु गरेको छ । विगतमा उक्त अभियान चलाइएपछि केही वर्ष रोकिएकामा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले उक्त कार्यलाई पुन: सुरुआत गरेको हो ।



काठमाडौं उपत्यकामा ट्राफिक नियम उल्लङ्घन गरी फरार रहेका सवारीसाधनका चालकलाई सिसी क्यामेराका आधारमा कारवाही तीव्र पारिएसँगै पछिल्लो समयमा मात्रै सिसी क्यामेराको फुटेजका आधारमा पहिचान गरी ६३ सवारी साधनका चालक कारवाहीमा परेका छन् ।

उक्त फुटेजमा कैद भएको श्रव्यदृष्यमा देखिएअनुसार लेन उल्लङ्घन गर्ने ३१ एकतर्फी सडकमा सोविपरीत सवारीसाधन चलाएका २३ र सवारी मोड्न निषेध गरेको स्थानमा सवारी साधन मोडेका आठ जना चालकलाई कारवाही गरिएको हो ।

यस्तै यात्रु लिन नमानेको कसुरमा अर्को एक चालकलाई पनि कारवाही गरिएको छ । भदौ १ देखि १४ गतेसम्म काठमाडौं उपत्यकाको विभिन्न स्थानमा ट्राफिक नियम उल्लङ्घन गरेका चार सय २० चालक छन् ।

ट्राफिक प्रहरीले खोजी गरी ल्याइएका ९७ चालकमध्ये ६३ जनालाई कारवाही गरिएको छ । अन्य चालक हालसम्म ट्राफिक प्रहरीको सम्पर्कमा नआएकाले खोजी भइरहेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले जानकारी दिए ।

सवारी नियम उल्लङ्घन गर्ने चालकलाई ट्राफिक प्रहरीले विगतमा झैँ सिसीटिभी फुटेजका आधारमा खोजी गरी गर्ने कारवाहीलाई थप तीव्रता दिइएको प्रवक्ता भट्टले बताए । प्रहरीले विद्यार्थी लक्षित जाँच अभियान पनि सँगसँगै अघि बढाएको छ । उक्त अभियानका क्रममा विद्यार्थीले पनि मापसे गरेर सवारी चलाउने गरेको पाइएपछि उनीहरुसमेत कारवाहीमा परेका छन् ।

***अवस्था ठीक नभएका सवारीसाधन चलाउने चालकविरुद्ध कारवाही***

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले अवस्था ठीक नभएका सवारीसाधन चलाउने चालकविरुद्ध पनि आजदेखि अभियान थालेको छ । आज मात्रै यस्ता २६ चालक कारवाहीमा परेका छन् । काठमाडौँको कीर्तिपुरस्थित टियु गेट नजिकै तालिम प्राप्त प्राविधिकसहितको टोलीद्वारा गरिएको जाँचका क्रममा उनीहरुलाई कारवाही गरिएको भट्टले जानकारी दिए ।

ती गाडीमा हेण्ड ब्रेक निकालेका तीन, च्यासिस बाङ्गो बनाएका एक, हेडलाइट ठीक नभएको एक, अवस्था ठीक नभएको पाँच, वाइफर निकालेको र सवारी साधनको बत्ती ठीक नभएको १६ गाडीका चालकलाई कारवाही गरिएको जनाइएको छ ।

अवस्था ठीक नभएका सवारीसाधन चलाउँदा सवारी दुर्घटना बढ्नसक्ने र यसले यात्रुको जीवन पनि जोखिममा पर्नसक्ने भएकाले सम्भावित जोखिम कम गर्न आदेखि अभियानलाई तीव्रता दिइएको हो ।

आगामी दिनमा यस्ता गाडी चलाएको पाइएमा सवारी तथा यातायात व्यवस्था ऐन २०४९ बमोजिम कारवाही हुने प्रहरीले चेतावनी दिएको छ ।

# मकवानपुरका ७ खेलाडी बन्द प्रशिक्षणमा

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ नवौं राष्ट्रिय खेलकुदका लागि बागमती प्रदेशको क्रिकेट टिम तयार गर्नुपूर्व मकवानपुरका ७ खेलाडी बन्द प्रशिक्षणमा परेका छन् ।

२८ असोजदेखि ३ कार्तिकसम्म गण्डकी प्रदेशमा हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रदेश क्रिकेट टिमले तयारी गरिरहेको हो ।

बागमती क्रिकेट टिकको जिम्मेवारी नेपाली क्रिकेट टिमका पूर्वकप्तान पारस खड्काले लिएका छन् । उनले खेलाडीहरुलाई प्रशिक्षण गराइराखेका छन् ।

प्रशिक्षणमा मकवानपुरका रामनरेश गिरी, रिजन ढकाल, गौरव खड्का, तक्षक सिंखडा, शुभ कंशाकार, समिर चौलागाईं र सुमन सुनार परेका हुन् ।

बन्द प्रशिक्षणमा उत्कृष्ट खेल देखाउने १४ खेलाडी नवौं राष्ट्रिय खेलकुदका लागि अन्तिम छनौटमा पर्नेछन् ।

खेलाडीहरु ४५ दिनसम्म प्रशिक्षणमा हुनेछन् ।



थाहा नगरपालिका-११ स्थित नौखण्डेमा सवारीसाधन चलाउन सडक बनाउँदै स्थानीय युवाहरु । वर्षा लागेपछि जीर्ण बनेको कच्ची सडकमा सवारी चलाउन मुस्किल भएपछि स्थानीयस्तरमै उपलब्ध ढुंगा ल्याएर सडकमा बिछ्याउने काम भइरहेको ११ नम्बर वडाका निवर्तमान वडा अध्यक्ष किरणमान बलले बताए । स्थानीय किसानको तरकारी ढुवानी गरी बजारसम्म लैजाने मुख्य बाटोमा भइरहेको समस्या हटाउन ढुंगा सोलिङ गरिएको हो । नौखण्डेबाट सुरु हुने उक्त सडक छिमेकी जिल्ला धादिङ जोडिन्छ । सडक पक्की नभएका कारण वर्षामा आउने पानीको भेलले सडक बिगार्ने गरेको छ । *-तस्बिर: साझाकुरा*

# बालेनको समर्थनमा दिपक सिंह

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का केन्द्रीय सदस्य दिपकबहादुर सिंहले काठमाडौंमा कानुनविपरित बनेका संरचना भत्काएर चर्चामा आएर मेयर बालेन्द्र शाक (बालेन)को साथमा उभिएका छन् ।

मकवानपुरबाट प्रतिनिधिसभा क्षेत्र नम्बर १ बाट निर्वाचन लड्ने तयारी गरिरहेका सिंहले बालेनको कामलाई समर्थन गरेका हुन् ।

काठमाडौंलाई फराकिलो बनाउने काममा अवैध संरचना हटाईनु राम्रो काम भएको उनको भनाइ छ । नेता सिंहले देशमा भ्रष्टाचार गरेको पैसा बोकेर नेताहरु हिँड्न हुने तर, बालेनले अवैध संरचना हटाउन डोजर बोक्न नहुने किन ? भन्दै प्रश्न गरेका छन् । जनताले अहिले बालेनजस्तो नेता चाहेको भन्दै सिंहले नेपालमा भ्रष्टहरुलाई तह लगाउने बेला भएको बताएका छन् ।

उनले नेपालमा अझै राजतन्त्र स्थापना हुन सक्ने दाबी गरे । नेता सिंहले आगामी प्रतिनिधिसभा निर्वाचनबाट राप्रपाले ५०-६० सिटमा जित हाँसिल गर्ने दावी गर्दै राजतन्त्र फर्काउने अभियानको सुरुवात हुने बताए । 'कोही नेता चाँही पाँच पटकसम्म प्रधानमन्त्री हुन मिल्ने अनि ज्ञानेन्द्र शाह तेस्रो पटक राजा हुन किन नमिल्ने ?,' सिंहको प्रश्न छ । मुलुकमा सुशासन कायम गराउन र विकासले समृद्धि ल्याउन राप्रपालाई बहुमत दिनुपर्ने उनको भनाइ छ ।

# मनहरीमा विद्यार्थीलाई साइकल सुविधा

साझाकुरा संवाददाता



हेटौंडा, १५ भदौ/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा रहेको एक विद्यालयमा अध्ययनरत् विद्यार्थीहरुले साइकल सुविधा पाउने भएका छन् ।

मनहरी-४ स्थित पशुपतिनाथ माध्यमिक विद्यालयका विद्यार्थीलाई विद्यालय आवतजावतका लागि वडा कार्यालय साइकलन दिने भएको हो । चालू आर्थिक बर्ष २०७९/०८० को बजेट कार्यान्वियनका क्रममा साइकलको व्यवस्थापन हुने भएको वडा अध्यक्ष प्रकाश थापाले जानकारी दिएका छन् ।

वडा कार्यालयको सिफारिसमा गाउँसभाबाट साइकल खरिदका लागि बजेटको व्यवस्थापन गरिएको उनले बताए । हाल ८ किलोमिटरभन्दा बढी टाढाबाट विद्यालय आइरहेका बालबालिकाको शारीरिक मानसिक थकानलाई मेटाउन साइकलको व्यवस्था गर्नका लागि १० लाख रुपैयाँ बजेट बिनियोजन भई कार्यान्वयनका क्रममा रहेको थापाले जनाए ।

पशुपतिनाथ मावि लोपन्मुख जाति वनकरिया तथा चेपाङ समुदायका विद्यार्थी अध्ययन गर्ने विद्यालय हो । यसअघि स्कुल बस व्यवस्थापनका बारेमा छलफल भएपनि जनशक्ति, इन्धन लगायत व्यवस्थापनका कारण साइकल खरिदलाई नै प्राथमिकतामा राखिएको उनले बताए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधव गौतमका अनुसार बिनियोजित बजेटबाट १ सय १० वटा भन्दा बढी साइकल खरिद गर्ने लक्ष्य छ । खरिद गरिएका साइकलहरु कक्षा देखि १० सम्म अध्ययन गर्ने र सबैभन्दा टाढादेखि हिँडेर आउने बालबालिकाहरुलाई बितरण गरिने गौतमले जानकारी दिए ।

वितरण गरिएको साइकलमा नम्बर राखिने र विद्यालय छोडेको दिन विद्यार्थीले साइकल विद्यालयलाई नै फिर्ता गर्नुपर्ने जनाइएको छ । साइकलको मर्मत सम्भारको जिम्मेवारी विद्यार्थीकै हुने गरी कार्यविधि निर्माण गरी साइकल हस्तान्तरण गर्नेगरी तयारी भएको उनले बताए ।

विद्यार्थीलाई साइकल दिँदा उनीहरुमा उत्साह बढ्ने र समयमै विद्यालय तथा घर पुग्न सक्ने अबस्था आउने भएकाले कार्यक्रम सञ्चालन गर्न लागिएको प्रधानाध्यापक भानुभक्त आचार्यले जानकारी दिए । साइकल सुविधा प्रभावकारी हुने उनको भनाइ छ ।

# पर्यटनस्थलको प्रचारप्रसारमा कमी : नेता नेपाल

काठमाडौं, १५ भदौ (रासस)/ नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले पर्यटकस्थलको प्रचारप्रसारमा कमी रहेको बताएको छ ।

एकीकृत समाजवादीको केन्द्रीय पर्यटन विभागले बुधबार आयोजना गरेको 'पर्यटन तथा नागरिक उड्डयन क्षेत्रको समस्या र चुनौती' विषयक अन्तर्क्रिया कार्यक्रममा पर्यटनको विषयवस्तुको राम्रोसँग प्रचार गर्न नसकिएको बताए ।

"हामीले हिमाल, तालतलैया, मुगुको रारा, संसारको सबैभन्दा अग्लो तिलिचो काललाई बजारीकरण गर्न सकेको छैनौं," उनले भने, "नेपालमा रहेका ऐतिहासिक थलो, गढिको राम्रो ढङ्गले प्रचार गर्ने हो भने पर्यटन आउने छन् ।" उनले भारतको उत्तर प्रदेश र विहार प्रदेशमा गर्मीले उकुसमुकुस भएका मान्छेलाई नेपालको चिसो मौसममा ल्याउनुपर्ने भनाइ राखे ।

उनले नारायणहिटी संग्रहालयलाई ठूलो संग्रहालयका रुपमा विकास गर्नुपर्ने बताए । "अहिलेसम्म नेपालमा भएका राजतन्त्रकालको सबै चिज संग्रहालयमा देख्न पाइयोस् । किरात, लिच्छवी, महिसपाल वंश, सेन वंश, शाहवंशले कसरी शासन सञ्चालन गरेका थिए । त्यो सबै कुरा संग्रहालयमा राख्नुपर्दछ । त्यो हेर्न विदेशी आउने छन्", उनले भने ।

संस्कृति, पर्यटन तथा नागरिक, उड्डयनमन्त्री जीवनराम श्रेष्ठले नेपाल वायुसेवा निगममा विकृति र अस्तव्यस्त रहेकोले सुधार्न आवश्यक रहेको बताए । उनले सरकारले ४७ अर्ब रुपियाँ बजेट दिए पनि सरकारसँग नेपाल वायुसेवा निगमले समन्वय नगरेकोले अस्तव्यस्त भएको बताए ।


**सम्पत्ति विवरण समयमै बुझाऔं जरिवानाबाट बचौं**

- सार्वजनिक पद धारण गरेको व्यक्ति तथा राष्ट्रसेवकले आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरौं ।
- आर्थिक वर्ष शुरु भएको वा सार्वजनिक पद धारण गरेको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेश गरौं
- भ्रष्टाचारमा शुन्य सहनशिलता अपनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**




**सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मकवानपुरको**
**वन विज्ञानमा डिप्लोमा कक्षा ११ तथा कक्षा १० (खुला) मा**

**विद्यार्थी भर्ना सम्बन्धि सूचना**

कक्षा ११/१२ संचालनको प्रथम वर्षदेखि नै लगातार सर्वोत्कृष्ट तथा उत्कृष्ट नतिजा ल्याउन सफल हेटौंडा नगरीको मुटुमा अवस्थित यस सिद्धार्थ मा.वि. हेटौंडा-२ मा शैक्षिक सत्र २०७९/८० का लागि CTEVT अन्तर्गत वन विज्ञान डिप्लोमा, कक्षा ११ मा विज्ञान, कानुन, व्यवस्थापन र शिक्षा शास्त्रका साथै कक्षा १० (खुला) मा धमाधम नयाँ भर्ना भैरहेको हुँदा आफ्नो सिट समयमै सुरक्षित राख्न सम्बन्धित विद्यार्थी एवम् अभिभावकहरुलाई जानकारी गराइन्छ ।

प्रधानाध्यापक
**सिद्धार्थ माध्यमिक विद्यालय**
हेटौंडा- २, मकवानपुर
**सम्पर्क नम्बर**: ०५-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७



**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**

हेटौंडा-२, चौकीटोल



**हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना